# चुनावी सक्रियता (असार १७-साउन १६, २०७०)

भुवन केसी/तिलक पाठक

प्रकाशित मिति : साउन २०, २०७० (August 4, 2013)

सरकार र उच्चस्तरीय राजनीतिक समितिमा रहेका राजनीतिक दलहरु निर्वाचनका लागि अनुकुल वातावरण तयार पार्न सक्रिय भए । यही अवस्थामा निर्वाचनमा सहभागी नहुने अडान लिदै आएका असन्तुष्ट दलहरुमध्येको नेकपा माओवादी र प्रमुख दलहरुबीच अब बन्ने नयाँ संविधानको अन्तर्वस्तु टुंगो लगाउन गोलमेच सम्मेलन गर्नेसम्मका कुरा भए । त्यसले धेरै पहिलेदेखि चल्दै आएको राजनीतिलाई नयाँ दिशातर्फ मोडिदियो । निर्वाचनका लागि सरकार, निर्वाचन आयोग, प्रमुख दलहरुको सक्रियता र निर्वाचनको विपक्षमा रहँदै आएका दलहरुसँगको निरन्तर वार्ता र गोलमेच सम्मेलन हुने कुराले मंसिरमा संविधानसभाको निर्वाचन हुने सम्भावनालाई केही बढाए जस्तो भयो । तर, गोलमेच सम्मेलनमा सहमतिका लागि हुन सक्ने कठिनाई र त्यसले मंसिरमा हुने भनिएको संविधानसभा निर्वाचनलाई पार्न सक्ने प्रभावबारे भने गहिराईमा पुगेर बहस तथा छलफल भएन ।

## राजनीतिक उत्तरदायित्व

सत्तामा रहेका दलहरु संविधानसभा निर्वाचनप्रति पहिलेको तुलनामा बढी प्रतिबद्ध जस्तै देखिए । सरकार पनि निर्वाचनको वातावरण बनाउन प्रयासरत रह्यो । राष्ट्रपति रामवरण यादवले पनि निर्वाचनका लागि वातावरण बनाउन प्रधानमन्त्रीदेखि राजनीतिक दलहरुलाई सुझाव दिए । यथास्थितिमा निर्वाचनको विपक्षमा रहेका दलहरुसँग वार्ता गर्न सरकार तथा राजनीतिक दल अग्रसर भए । आयोगले पनि निर्वाचन सम्बन्धी तयारी अघि बढायो । सरसर्ति हेर्दा उनीहरुले मंसिर ४ गते हुने भनिएको निर्वाचनप्रति प्रतिबद्ध जस्तै थिए ।

तर, अर्कोतर्फ सत्तामा रहेर नै पहिले भएका राजनीतिक सहमतिलाई उल्टाउने प्रयास पनि भयो । सत्तामा रहेको संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले संविधानसभा निर्वाचनका लागि ६ सय १ सदस्यीय हुनुपर्ने माग अघि सार्‍यो, जबकी मोर्चा समेत रहेको प्रमुख दलहरुबीच ४ सय ९१ सदस्यीय संविधानसभा हुने सहमति भइसकेको थियो । नेकपा-माओवादीले एकातिर निर्वाचन भाँडने र अर्कातिर वार्तामा बस्ने नीति अख्तियार गर्‍यो । पोखरामा भएको केन्द्रीय कमिटी बैठकले निर्वाचन भाँडने नीतिलाई पारित गर्‍यो । र, विरोधका कार्यक्रम अघि बढायो । अर्कोतर्फ वार्तामा पनि बस्ने रणनीति अख्तियार गर्‍यो । यसमा समस्या समाधान भन्दा पनि अलमल्याउने मुख्य उद्देश्य रहेको देखिन्छ । किनकि माओवादीको प्राथमिकता निर्वाचन थिएन । बरु, उ गोलमेच सम्मेलनबाट अघि बढ्न चाहेको थियो । सत्तामा रहेका दलहरुले सहमतिका लागि माओवादी लगायत अन्य दलहरुसँग वार्ता गर्ने र सहमति नभए मंसिरमै चुनाव गर्ने नीति लिए ।

| एकीकृत नेकपा माओवादी | नेपाली काँग्रेस | नेकपा एमाले | मधेशी जनअधिकार फोरम लोकतान्त्रिक |
|---|---|---|---|
| एउटा पार्टीले निर्वाचन बहिष्कारको नीति लिदैमा समग्र निर्वाचन रोकिदैन । तैपनि उच्चस्तरीय राजनीतिक समिति, सरकार र राजनीतिक दल सबै उदारताका साथ सोच्न तयार हुनुहुन्छ-एकीकृत नेकपा माओवादीका नेता नारायणकाजी श्रेष्ठ | हामीलाई लाग्छ, उहाँहरु निर्वाचन प्रक्रियामा आउनुहुन्छ । त्यति गर्दा पनि आउनु भएन भने निर्वाचन कुनै हालतमा रोकिदैन-काँग्रेस उपसभापति रामचन्द्र पौडेल | पहिला नेकपा माओवादीमाथि हदैसम्मको लचिलो भएर दबाब सिर्जना गर्नुपर्छ । कथम निर्वाचनमा नआई बिथोल्ने रणनीति लिएरै अघि बढेमा मतदाता र मतदान प्रक्रियालाई कसरी सुरक्षित बनाउन सकिन्छ भन्नेमा ध्यान दिनुपर्छ- नेकपा एमाले नेता प्रदीप ज्ञवाली | माओवादीको यो निर्णयमा दबाबको राजनीति हुन सक्छ । अहिल्यै शंका गरिहाल्नु पर्ने अवस्था छैन । यो नै अन्तिम निर्णय हो जस्तो लाग्दैन- मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका नेता जीतेन्द्र देव |

सरकार पनि त्यही बाटोमा देखियो । 'नेकपा माओवादी र अन्य असन्तुष्ट दललाई संविधानसभा चुनावमा सहभागी गराउन वार्ता मार्फत अन्तिम समयसम्म पहल गर्ने, सहमति नभए पनि चुनाव गरिछाडने पक्षमा सरकार देखिएको छ ।'[1] उता, वार्ताबाट सहमति कायम गर्न नसकेका राजनीतिक दलहरुले अन्तर्राष्ट्रिय समुदायसँग पनि एमाओवादीलाई निर्वाचनमा ल्याउने वातावरण बनाइदिन आग्रह गरे । काँग्रेस सभापति कोइरालाले चिनियाँ राजदूत उ चुन्ताइसँगको भेटमा 'माओवादीलाई फकाइदिनुस'[2] समेत भने । भारत भ्रमणमा रहेका एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले काँग्रेस आइकी अध्यक्ष सोनिया गान्धी, भारतीय प्रधानमन्त्री मनमोहन सिंह लगायतले 'तोकिएकै समयमा चुनाव गर्न'[3] सुझाव दिएको जानकारी दिए । नेताहरुले विदेशीसँग वार्ता गर्नु र उनीहरुले सुझाव दिनु नेपाली राजनीतिमा अनौठो होइन । तर, स्वदेशमा वार्ता गरी मिलाउन नसक्ने र अरुको आश गर्ने प्रवृतिले राजनीतिक उत्तरदायित्व बोध भएको देखाउँदैन ।

वर्तमान सरकार मूलतः चुनावी प्रयोजनका लागि गठन भएको हो । तर, व्यवहारमा त्यस्तो देखिएन । चुनावी सरकार भएपनि यसले संसदबाट निर्वाचित सरकारले जस्तो काम गरिरह्यो । जसका कारण असार ३१ गते बसेको उच्चस्तरीय राजनीतिक समितिको बैठकले सरकारप्रति असन्तुष्टि व्यक्त गर्‍यो । 'सरकार चुनावभन्दा बाहिरका गतिविधिमा केन्द्रित भएपछि उच्चस्तरीय समिति बैठकले सचेत गराउने

[1] बस्नेत, बालकृष्ण । २०७०, असार २० । वार्ताबाट नभए दबाएर चुनाव । कान्तिपुर, पृष्ठ १ ।

[2] न्यौपाने, कुलचन्द्र । २०७०, साउन २ । कोइरालाले चिनियाँ राजदूतलाई भने माओवादीलाई फर्काइदिनुस । कान्तिपुर, पृष्ठ १ ।

[3] भट्टराई, देवेन्द्र । २०७०, १२ साउन । तोकिएकै मितिमा चुनाव गर्नुस् । कान्तिपुर, पृष्ठ १ ।

निर्णय गरेको थियो ।'[4] सरकारले इलामको पशुपतिनगर र लुम्बिनीमा अध्यामगन चेकपोष्ट राख्न भारतसँग सैद्धान्तिक सहमति गरेको विषयमा दलहरुको मुख्य चासो रहेको थियो ।

राजनीतिक दलहरुको दायित्व भनेको आफ्ना भातृ संगठनले गर्ने गलत कामलाई रोक्ने पनि हो । तर व्यवहारमा त्यस्तो देखिएन । योङ कम्युनिष्ट लिग (वाइसियल)ले चितवन बन्द गर्‍यो । त्यसलाई रोक्नेतर्फ दलहरुको ध्यान गएको पाइएन ।

## दलिय असमझदारी र चुनावी वार्ता

राजनीतिक दलहरुबीच खास गरी पाँचवटा बुँदामा विवाद थियो । सत्तारुढ दल संविधानसभा निर्वाचन मंसिरमा गराउनुपर्ने र नयाँ वर्तमान सरकार गठन हुने बेला भएको ११ बुँदे सहमति र संविधानका बाधा अडकाउका २५ बुँदा संशोधन नगर्ने पक्षमा थिए । उता, आन्दोलनमा रहेका दलहरु गोलमेच सम्मेलन, प्रधानन्यायाधीशको नेतृत्वको सरकार विघटन गरी दलको नेतृत्वमा नयाँ सरकार गठन हुनुपर्ने र संविधानसभा निर्वाचनका लागि समानुपातिकको संख्या बढाउनुपर्ने पक्षमा थिए । नेकपा माओवादीको नेतृत्वमा रहेको ३३ दलीय मोर्चा गोलमेच सम्मेलन गर्ने र संविधानसभा निर्वाचनको मिति पर धकेल्ने पक्षमा थियो ।

पोखरामा सम्पन्न माओवादीको केन्द्रीय समितिको बैठकले 'असंवैधानिक र कठपुतली सरकारले यथास्थितीमै आगामी मंसिर ४ गते गर्ने भन्ने गरेको 'निर्वाचन' को घोषणा अबिलम्व खारेज गरी उपयुक्त वातावरण बनाउनका लागि वार्तालाई अघि बढाउन पनि यो बैठक माग गर्दछ । यसको उपेक्षा गरेर यस भन्दा अघि गरिएका राष्ट्रघात, निरंकुशता र असंवैधानिक कदमहरुको अनुमोदनका लागि गर्न लागिएको कथित 'निर्वाचन'लाई सक्रिय रुपमा बहिस्कार गर्न'[5] आग्रह गर्‍यो । यस्तै बैठकले 'राजनीतिक संकट समाधानका लागि आन्दोलनरत दलहरुसहितको सर्वपक्षिय गोलमेच सम्मेलनको आयोजना गरिनुपर्दछ'[6] भन्यो ।

माओवादीले 'मंसिर ४ गतेको निर्वाचन प्रक्रिया रोके सरकार र दलहरुसँग वार्ता प्रक्रियामा जान सक्ने नीति पारित'[7] गर्‍यो । असार २२ गते बसेको उच्चस्तरीय राजनीति संयन्त्रको बैठकले माओवादीले उठाउँदै आएको गोलमेच सम्मेलनलाई सम्बोधन गर्न सर्वदलीय भेला बोलाउन सकिने निर्णय गर्‍यो । त्यसैगरी असन्तुष्ट दलहरु आउने भएमा उच्चस्तरीय राजनीतिक समिति पुनगर्ठन, समानुपातिक अनुपात वृद्धि, ११ बुँदे सहमति र २५ बुँदे बाधा अडकाउ फुकाउ परिमार्जन गर्न सकिने निर्णय गर्‍यो । त्यसको अर्को दिन असार २३ गते बसेको माओवादी पोलिटव्यूरो बैठकले राज्यका 'बैधानिक निकायसँग' वार्ता गर्ने औपचारिक निर्णय गर्‍यो । माओवादीले अध्यक्ष मोहन बैद्यको नेतृत्वमा सिपी गजुरेल, रामबहादुर थापा, देव गुरुङ र नेत्रविक्रम चन्द रहेको वार्ता टोली गठन गर्‍यो । तर, वार्ताका लागि शर्त राख्न नहुने माओवादीले स्पष्ट गर्‍यो । माओवादी अध्यक्ष मोहन वैद्यले 'वार्तामा जानु अघि नै मंसिर ४

[4] समितिले रेग्मीलाई भन्यो दीर्घकालीन महत्वका निर्णय नगर्नुस् । २०७०, साउन १ । कान्तिपुर, पृष्ठ १ ।

[5] नेकपा माओवादीको केन्द्रीय समितिको पूर्ण बैठकले पारित गरेको समसामयिक प्रस्ताव । २०७०, असार १८ ।

[6] नेकपा माओवादीको केन्द्रीय समितिको पूर्ण बैठकले पारित गरेको समसामयिक प्रस्ताव । २०७०, असार १८ ।

[7] बस्नेत, बालकृष्ण र विष्ट दीपेन्द्र । २०७०, असार २१ । चुनाव रोके वार्ता । कान्तिपुर, पृष्ठ १ ।

को मिति, वर्तमान सरकारको नेतृत्व नचलाउने भनेर शर्त राख्ने हो भने कुरा अघि बढ्दैन । जे कुरा हुन्छ, वार्ताको टेबुलमा हुन्छ'[8] भन्ने प्रतिक्रिया दिए ।

माओवादीका नेताले पत्रकार सम्मेलन गरी पार्टीले 'कठपुतली सरकारको नेतृत्वमा हुन गइरहेको निर्वाचनमार्फत जनताको संविधान बन्ने सम्भावना नदेखिएको र चैत्र १ गतेको प्रतिगमनकारी कदमको खारेजी, सर्वपक्षिय गोलमेचसभा, दलिय सहमतिका आधारमा राष्ट्रिय संयुक्त सरकार गठन लगायतका हाम्रा मागहरुको पूर्णतः अवज्ञा गरिएको स्थितिमा संविधानसभाको दोस्रो कथित निर्वाचनको कुनै औचित्य देखिदैन । यस्तो स्थितिमा संविधानसभाको कथित दोस्रो निर्वाचनको सक्रिय तथा सशक्त रुपमा बहिष्कार गर्ने निर्णय'[9] लिएको जानकारी गरायो ।

असार २४ गते उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक रहेका विजयकुमार गच्छदारले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेटे । उनले गोलेमेच सम्मेलन वा जे नाम दिएपनि असन्तुष्ट दलहरुलाई निर्वाचनमा ल्याउन मन्त्रिपरिषद् अध्यक्ष पनि सकारात्मक रहेको बताए । तर, माओवादीले परामर्श नगरी वार्ता टोली गठन गरेर वार्ता प्रक्रिया जारी राखेकोमा मोर्चामा रहेका अन्य दलहरुले असन्तुष्टि व्यक्त गरे । त्यसपछि मोर्चाको बैठकमा '३३ दलीय मोर्चाको सहभागिताविना नेकपा माओवादी मात्र वार्तामा नबस्ने निर्णय भयो ।'[10]

उता, वार्ताका लागि टोली गठन भएपछि ३३ दलभित्र पनि विवाद सिर्जना भयो । किशोरकुमार विश्वासले नेतृत्व गरेको संघीय जनतान्त्रिक राष्ट्रिय मोर्चा र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चाले आफूसँग परामर्श नगरी वार्ता टोली गठन गरेको भन्दै माओवादीको विरोध गऱ्यो । यही बीचमा माओवादी अध्यक्ष बैद्य चीन गए । 'माओवादीलाई चीनले एमाओवादीसँग मिलेर चुनावमा सहभागी हुन'[11] सुझाव दियो ।

| मिति | सरकार | उच्चस्तरीय राजनीतिक संयन्त्र | नेकपा माओवादी | नेपाली काँग्रेस | नेकपा एमाले |
|---|---|---|---|---|---|
| असार २० | | | मंसिर ४ गतेको निर्वाचन प्रक्रिया रोके सरकार र दलहरुसँग वार्ता | | |

[8] गोलमेचमा सबै तयार ।२०७०, असार २४ । कान्तिपुर, पृष्ठ १ ।

[9] प्रेस वक्तव्य । नेकपा माओवादी । २०७०, असार २४ ।

[10] ३३ दलिय मोर्चाको बैठकको निर्णय । २०७०, असार ३१ ।

[11] श्रेष्ठ, निर्मल । बैद्यलाई चुनवामा जान चीनको सुझाव । २०७०, असार २८ । कान्तिपुर, पृष्ठ २ ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रक्रियामा जान सक्ने नीति पारित | | |
| असार २२ | | उच्चस्तरीय राजनीति संयन्त्रको बैठकले माओवादीले उठाउँदै आएको गोलमेच सम्मेलनलाई सम्बोधन गर्न सर्वदलिय भेला बोलाउन सकिने | | | |
| असार २३ | | | बैधानिक निकायसँग' वार्ता गर्ने | | |
| | | | वार्तामा जानु अघि नै मंसिर ४ को मिति, वर्तमान सरकारको नेतृत्व नचलाउने भनेर शर्त राख्ने हो भने कुरा अघि बढदैन- माओवादी अध्यक्ष मोहन बैद्य | | |
| | | | | पहिला त बैद्यजी निर्वाचनमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आउन सहमत हुनुपऱ्यो । मेरो विचारमा उहाँहरु निर्वाचनमा आउनुहुनेछ । त्यसपछि प्रमुख दलहरु बसेर छलफल हुन्छ । गोलमेच सम्मेलन भनेको पनि त्यही हो- काँग्रेस सभापति सुशील कोइराला | |
| साउन २ | | साउन २ गते उच्चस्तरीय राजनीतिक समितिले नेकपा माओवादीलाई वार्ताको लागि पत्र पठायो । | | | |
| साउन ४ | वार्तामा आउन आग्रह गर्दै माओवादीसहितका दलहरुलाई आग्रह । | | | | |
| | | | पूर्व शर्त राखेर वार्ता हुँदैन- नेकपा माओवादी नेता देव गुरुङ | | मंसिर ४ मा संविधानसभाको चुनाव हुनुपऱ्यो । वार्ताको आवश्यकता त्यसैका लागि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हो- एमाले नेता रघु पन्त |
| साउन ५ | | | कुनै पनि मित्र राष्ट्र, दातृ निकाय र कुटनीतिक नियोगबाट निर्वाचनका लागि दिइने सहयोग रोकियोस्, आन्तरिक मामिलामा हस्तक्षेप नहोस, निर्वाचन गराउन दबाब नदिइयोस् | | |
| साउन ६ | | | पत्रमा संविधानसभा निर्वाचनका लागि छलफल गर्न भनी प्रयोग गरिएको शब्दले वार्ताका लागि पूर्व शर्तका आभास दिएको | | |
| साउन १३ | | पत्र पठाउँदा पनि वार्तामा आउन उदासिन रहेको भन्दै माओवादीको आलोचना । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| साउन १६ | वार्तामा आउन आग्रह गर्दै माओवादीलाई पत्र | | | | विना शर्त सरकारले वार्तामा बोलाउनु सकारात्मक |

गोलमेच सम्मेलन भनेपनि त्यो शर्त रहित कि सहित भन्नेमा दलहरुबीच विवाद चर्कियो । काँग्रेस सभापति कोइसालाले भने-'पहिला त बैद्यजी निर्वाचनमा आउन सहमत हुनुपर्‍यो । मेरो विचारमा उहाँहरु निर्वाचनमा आउनुहुनेछ । त्यसपछि प्रमुख दलहरु बसेर छलफल हुन्छ । गोलमेच सम्मेलन भनेको पनि त्यही हो ।'

दलहरुबीच विवादका मुद्दाहरु भएपनि संविधानसभा निर्वाचनको वातावरण तयार पार्न उच्चस्तरीय राजनीतिक समिति र सरकारले असन्तुष्ट दलहरुसँगको वार्तालाई विशेष प्राथमिकता दिए । वार्तामा आउन आह्नन गर्दै साउन २ गते उच्चस्तरीय राजनीतिक समितिले नेकपा माओवादीलाई पत्र पठायो । मुलुक असाध्यै संवेदनशिल अवस्थाबाट गुज्रीरहेकाले दोस्रो संविधानसभा निर्वाचन सम्पन्न गरी संविधान निर्माण गर्नु सबै राजनीतिक दलको ऐतिहासिक कर्तव्य भएको उल्लेख गर्दै पत्रमा सकारात्मक निष्कर्षका लागि नेकपा माओवादी र त्यससँग सम्बन्धीत अन्य दललाई वार्ताका लागि आह्वान गरिएको'[12] थियो । तर, त्यसलाई माओवादीले अस्वीकार गरिदियो । माओवादी सचिव देव गुरुङले 'पूर्व शर्त राखेर वार्ता नहुने' बताए । साउन ३ गते बसेको मन्त्रिपरिषद्को बैठकले माओवादीले वार्ताका लागि टोली गठन गर्नु सकारात्मक भएको निष्कर्ष निकाल्यो । सोही दिन नै एकीकृत नेकपा माओवादीका अध्यक्ष दाहालले माओवादी अध्यक्ष बैद्यलाई भेटेर विना शर्त वार्तामा बस्ने बताए ।

साउन ४ गते एमाले केन्द्रीय कमिटीको बैठकमा अध्यक्ष खनालले 'असन्तुष्टलाई समेटन अधिकतम प्रयास गर्ने तर चुनावमा व्यवधान गर्न खोज्नेलाई असफल पार्ने तथा सरकारले समेत त्यसका लागि आवश्यक सुरक्षा मिलाउनुपर्ने प्रस्ताव पेश गरे । सरकारले पनि माओवादीलाई पत्र लेख्यो । जसमा 'माओवादीले वार्ता गर्ने निर्णय गरेको र त्यस प्रयोजनका लागि वार्ता समिति समेत गठन गरेको विषयलाई सरकारले सकारात्मक रुपमा लिइ स्वागत गर्दछ । मुलुकका समस्या वार्ता, संवाद र छलफलबाट समाधान हुनेमा नेपाल सरकार विश्वस्त छ । तसर्थ नेपाल सरकारका तर्फबाट नेकपा माओवादी र सम्बद्ध मोर्चालाई वार्ताका लागि पुन आह्वान गर्दछ' भन्ने उल्लेख थियो ।

त्यसपछि पनि माओवादीले अहिलेको अवस्थामा निर्वाचन हुन नसक्ने भन्दै निर्वाचन विरुद्धका अभियान अघि बढाइरहृयो । चुनावलाई समर्थन नगर्न आग्रह गर्दै माओवादी सहितको मोर्चाले अन्तर्राष्ट्रिय समुदायलाई अपिल गर्‍यो-'कुनै पनि कूटनीतिक निकायहरुबाट नेपालको आन्तरिक मामिलामा हस्तक्षेप हुनेगरी नेपाली जनताको राष्ट्रिय स्वाभिमान र लोकतान्त्रिक पद्धति समेतलाई गम्भीर आँच पुर्‍याउन

[12] खनाल, दुर्गा । २०७०, साउन ३ । बैद्यलाई वार्ताका लागि पत्राचार । कान्तिपुर, पृष्ठ १ ।

खालको अलोकतान्त्रिक विधि अपनाएर संविधान बन्ने सुनिश्चित नभएको निर्वाचनलाई समर्थन नगरियोस'।[13]

राजनीतिक दलहरुबीच सहमति हुन नसकिरहेका बेला साउन ६ गते प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले राष्ट्रपति रामवरण यादवलाई भेटी घोषित मितिमा बाधा पर्न नदिन असन्तुष्ट पक्षलाई छिटो सहमतिमा ल्याइदिन आग्रह गरे । साउन १३ गते बसेको उच्चस्तरीय राजनीतिक समितिको बैठकले दुई पटक पत्र पठाउँदा समेत उदासिन रहेको र वार्तामा आउनुको सट्टा निर्वाचन विथोल्ने कार्यक्रम गरेको भन्दै माओवादीको आलोचना गर्‍यो । सरकार पनि पहिलेको तुलनामा आक्रामक रुपमा प्रस्तुत भयो । गृहमन्त्री माधवप्रसाद घिमिरेले सुरक्षा निकायका प्रमुखसँग छलफल गरी 'लोकतन्त्रमा निर्वाचन बहिस्कार गर्न पाइन्छ । तर बिथोल्न खोज्नु गम्भीर अपराध हो । कसैले बिथोल्न खोजे कडा कारवाही गर्नु'[14] भन्ने निर्देशन दिए ।

माओवादीले भने विना शर्त मात्र वार्तामा बस्ने अडान लिइरह्यो । माओवादी अध्यक्षले 'पत्रमा संविधानसभा निर्वाचनका लागि छलफल गर्न भनी प्रयोग गरिएको शब्दले वार्ताका लागि पूर्व शर्तका आभास दिएको'[15] बताए । त्यति हुँदा हुँदै पनि राजधानीमा आयोजित कार्यक्रममा एकीकृत नेकपा माओवादी, काँग्रेस, एमाले र माओवादीका शिर्ष नेताहरु 'गोलमेच सम्मेलनबाट संविधानका अन्तरवस्तु खोज्न र असन्तुष्ट पक्षको माग सुनावाइ गर्न सहमत'[16] भए । नेताहरुबीच सर्वदलिय गोलमेचसभा, उच्चस्तरीय राजनीतिक समितिमा हेरफेर र सरकारमा सहभागी हुनेबारे समानता देखा परेको थियो । तर, दलहरुबीच औपचारिक रुपमा वार्ता हुन भने सकेन । त्यसपछि सरकारले साउन १६ गते पुन वार्ताका लागि आग्रह गर्दै माओवादीलाई पत्र पठायो । माओवादी प्रवक्ता पम्फा भुषालले यसलाई 'सकारात्मक'[17] भनी टिप्पणी गरिन् ।

यता, चुनावको विरोध गरिरहको उपेन्द्र यादव नेतृत्वको ८ दलीय मोर्चासँग पनि उच्चस्तरीय राजनीतिक समितिले वार्ता गर्‍यो । वार्तामा दाहाल र खनालले उनीहरुलाई चुनावमा ल्याउन २५ र ११ बुँदेलाई समेत सच्चाउन सकिने बताए भने कोइराला र ठाकुरले त्यसमा थपघट गर्न नसकिने बताए ।[18] समितिमा रहेका दलहरुबाट नै फरक-फरक कुरा आएपछि वार्ता भएपनि सहमति हुन भने सकेन । संघीय समाजवादी पार्टीसँग पनि वार्ता अघि बढेन । संघीय समाजवादी पार्टीले सर्वदलिय सम्मेलन अन्तिम निष्कर्ष भएकाले जबसम्म मुख्य दलहरुको सिन्डीकेट भत्कदैन, तबसम्म सशक्त र निर्णायक संघर्ष जारी रहने बतायो ।

---

[13] अन्तर्राष्ट्रिय समुदायलाई अपिल । २०७०, साउन ५ । ३३ दलिय मोर्चाको तर्फबाट देवप्रसाद गुरुङ ।

[14] अधिकारी, सरोज । २०७०, साउन १५ । चुनाव विथोल्न खोजे कडा कारवाही । कान्तिपुर, पृष्ठ १ ।

[15] विना शर्त वार्तामा आउन तयार । २०७०, साउन ७ । कान्तिपुर, पृष्ठ ५ ।

[16] बस्नेत, बालकृष्ण । २०७०, साउन ११ । संविधानका अन्तर्वस्तु गोलमेच सम्मेलनबाट । कान्तिपुर, पृष्ठ १ ।

17 प्रवक्ता पम्फा भुषाल । २०७०, साउन १७ । नागरिक, पृष्ठ १ ।

[18] वस्नेत, बालकृष्ण । २०७०, साउन ८ । शीर्ष नेताबीच मै कुरो मिलेन । कान्तिपुर, पृष्ठ १ ।

## चुनावी गतिविधि र मुद्दाहरु

पार्टीको निर्णय र गतिविधि हेर्दा एकीकृत नेकपा माओवादी, एमाले र काँग्रेस निर्वाचनप्रति प्रतिबद्ध देखिए । एमालेले पार्टीगत रुपमा निर्वाचन क्षेत्रबाट सुझाव संकलन गऱ्यो । एमालेले माओवादीको अवस्था खस्कदो र काँग्रेसको शक्ति स्थीर रहेको भन्दै अन्तरपार्टी विरोध व्यवस्थापन गर्न सके संविधानसभा निर्वाचनमा पहिलो पार्टी हुने मूल्यांकन गऱ्यो । साउन ४ गते बसेको एमाले केन्द्रीय कमिटीको बैठकले निर्वाचनसम्बन्धी तयारी र बहसलाई अघि बढाउनुका साथै मंसिरमा निर्वाचन गराउन पार्टीको सबै ध्यान केन्द्रीत गर्ने निर्णय गऱ्यो । तर, एमालेले 'भूराजनीतिक परिस्थिति, एमाओवादीको आन्तरिक संकट, मधेशी दलहरुको गठबन्धन किचलो, बैद्य माओवादीको अडान र सशस्त्र समूहको मोर्चाबन्दी'[19] चुनाव प्रतिकूल भएको निष्कर्ष निकाल्यो ।

काँग्रेसले पनि निर्वाचनलाई लक्षित गर्दै प्रशिक्षण अभियान शुरु गऱ्यो । काँग्रेस उपसभापति रामचन्द्र पौडेलले निर्वाचनको माहोल सिर्जना गर्न अभियान चलाएको बताए । प्रशिक्षणमा नेताहरुले माओवादी नआएपनि 'चुनाव गराएरै छाड्नुपर्ने'[20] मा जोड दिए । साउन ६ गते बसेको एकीकृत नेकपा माओवादीको विस्तारित बैठकले साउन १० देखि भदौ १० गतेसम्म चुनावी अभियान सञ्चालन गर्ने निर्णय गऱ्यो । सोही क्रममा अध्ययनका लागि भन्दै माओवादीले केन्द्रीय सदस्य र सल्लाहकारलाई २ सय ४० वटै निर्वाचन क्षेत्रमा पठाउने निर्णय गऱ्यो । माओवादीको यो अभियानले निर्वाचनको वातावरण गाउँगाउँसम्म बन्ने संकेत दियो ।

तराई मधेश केन्द्रीत राजनीतिक दलहरु पनि निर्वाचनमा केन्द्रीत भए । तराई मधेश लोकतान्त्रिक पार्टी र सदभावना पार्टीले निर्वाचन सम्बन्धी अभियान थाले । तमलोपाले उमेदवार चयन गर्नका लागि पार्टी अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा संसदीय बोर्ड गठन गऱ्यो । एनेकपा माओवादीको नेतृत्वमा रहेको संघीय लोकतान्त्रिक गठबन्धनले 'न्यूनमत साझा सहमति कायम गरेर चुनावमा सँगै जाने' बारे छलफल चलायो । निर्वाचनका क्रममा राजनीतिक दलहरुले एकले अर्कालाई आरोप लगाउने र चेतावनी दिने कार्य गर्न पछि परेनन् ।

## दलिय आरोप

| एकीकृत नेकपा माओवादी | नेपाली काँग्रेस | एमाले | नेकपा माओवादी | मधेशी जनअधिकार फोरम |
|---|---|---|---|---|
| नेकपा माओवादीले रत्नपार्कमा नमूना मतपेटिकामा बन्चरो हानेर | जनताबाट नाडिगएका शक्तिहरु मात्र निर्वाचन चाहँदैनन, निर्वाचन | निर्वाचनमा नजानु आत्मघाती कदम हो- उपाध्यक्ष | सरकार र चार राजनीतिक दलले जर्वजस्ती चुनाव गराए पार्टीले | चुनावी सरकारले आफ्नो सीमा नाध्यो- अध्यक्ष |

[19] खनाल, दुर्गा । २०७०, साउन ५ । एमालेको शक्ति चुनाव केन्द्रित । कान्तिपुर, पृष्ठ १ ।

[20] बानियाँ, बलराम । २०७०, साउन १६ । माओवादी नआए पनि मंसिर ४ मै चुनाव । कान्तिपुर, पृष्ठ १ ।

| | | | | |
|---|---|---|---|---|
| सहीदको अपमान गरेका छन-अध्यक्ष पुष्पकमल दाहाल । | नचाहने तत्वलाई जनताले कहिल्यै स्वीकारर्दैनन- वरिष्ठ नेता शेरबहादुर देउवा | वामदेव गौतम<br><br>गोलमेच सम्मेलन बाहेक अरु माग पूरा गर्न सकिदैन - अध्यक्ष झलनाथ खनाल | त्यसलाई सशक्त प्रतिकार गर्छ- अध्यक्ष मोहन बैद्य<br><br>माओवादीलाई राजावादी भन्ने भारतका दलाल - उपाध्यक्ष सिपी गजुरेल । | उपेन्द्र यादव |

## निर्वाचन आयोग र आचार संहिता

निर्वाचन आयोगले संविधानसभा निर्वाचनलाई ध्यान दिएर निर्वाचन आचारसंहिता लागू गऱ्यो । संहितामा अनुमतिविना कसैको निजी घर, कम्पाउण्ड, पसल वा अन्य स्थानमा घर धनीको स्वीकृत नलिइ पर्चा पोष्टर टाँस्न नपाइने, राजनीतिक दलहरुले धर्म, सम्प्रदाय, जातजाति, लिंग, भाषा, समुदाय वा प्रादेशिकताका आधारमा घृणा र द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार प्रसार गर्न नपाइने, प्रत्यक्षतर्फको उमेदवारले बढीमा दश लाख रुपैयाँ र समानुपातिकतर्फ प्रत्येक उमेदवारले बढीमा ७५ हजार खर्च गर्न पाउने लगायतका प्रावधान थिए । माओवादीले सांकेतिक रुपमा भएपनि सार्वजनिक रुपमा मतपेटिका फुटाएर अभियान अघि बढाएकोमा निर्वाचन आयोगले त्यसबारे ध्यानाकर्षण भएको जनायो । आयोगले भन्यो,'आयोगबाट जारी गरिएका आचारसंहितालाई वेवास्ता गर्दै कसैले पनि यस्ता अवाञ्छित एवं गैरकानूनी कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्न आयोग बाध्य हुने कुरा जानकारी गराइन्छ ।'[21] त्यसपछि माओवादी नेतृत्वको मोर्चाले 'निरंकुश आचारसंहिता' भन्दै जलायो ।

निर्वाचन आयोगले फोटो सहितको मतदाता नामावली संकलनमा अभियान चलायो । निर्वाचन आयोगका आयुक्त दोलखबहादुर गुरुङका अनुसार असार मसान्तसम्ममा एक करोड २३ लाखको नाम संकलन भएको थियो भने करिव सात लाख छुटेको अनुमान गरिएको थियो । तरपनि आयोगले 'मतदाता नामावली दर्ता म्याद नथप्ने'[22] जनायो । तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर लागयतका नेता छुटेका थिए भने नेकपा माओवादीका नेता तथा कार्यकर्ताले दर्ता नै गराएका थिएनन् ।

## क्षेत्र निर्धारण आयोगलाई अप्ठयारो

---

[21] बैद्य माओवादीलाई कारवाही गर्नै निर्वाचन आयोगको चेतावनी । Retrieved September 6, 2013, from http://www.onlinekhabar.com/2013/07/99130/

[22] राई, गणेश । २०७०, साउन १ । निर्वाचन आयोगले भन्यो नामावली दर्ता म्याद थपिँदैन । कान्तिपुर, पृष्ठ १ ।

क्षेत्र निर्धारण आयोगले काम शुरु गरेपनि यसले सहज रुपमा काम गर्न सकेन । आयोगले अघिल्लो संविधानसभा निर्वाचन अघि थप गरिएका ३५ निर्वाचन क्षेत्रलाई हेरफेर गर्ने जिम्मेवारी पाएको थियो । तर, त्यसलाई पछि राजनीतिक दलहरुले आ-आफ्नो तरिकाले व्याख्या गरे ।

| एकीकृत नेकपा माओवादी | नेपाली कांग्रेस र एमाले | मधेशी जनअधिकार फोरम | सदभावना पार्टी | तराई मधेश लोकतान्त्रिक पार्टी | राष्ट्रिय जनमोर्चा | नेपाल मजदुर किसान पार्टी |
|---|---|---|---|---|---|---|
| जनसंख्या र भूगोल मात्र मिलाएर क्षेत्र निर्धारण गर्नुपर्छ | संवैधानिक व्यवस्था अनुसार ३५ क्षेत्रमा मात्र क्षेत्र पुनर्निर्धारण गर्नुपर्छ | दुई सय ४० क्षेत्रकै पुनर्निर्धारण हुनुपर्छ | दुई सय ४० क्षेत्रकै पुनर्निर्धारण हुनुपर्छ | घोषित मितिमा निर्वाचन गराउन सहयोग पुग्ने गरी कम सारफेर हुने गरी क्षेत्र निर्धारण गर्नुपर्छ | जनसंख्या मात्र क्षेत्र निर्धारणको आधार हुन सक्दैन | पहिचानलाई क्षेत्र निर्धारणको आधार बनाउनुपर्छ |

दलहरुको विभिन्न मागपछि आयोग पनि अन्योलमा पर्‍यो । 'विघटित संविधानसभामा प्रतिनिधित्व गरेका मधेश केन्द्रीत दलहरुदेखि राजनीतिमा अस्तित्व खोजि गरिरहेका साना दलहरुसम्मले आ-आफ्नो पायकको भूगोलमा जनसंख्याको चाप बढेकाले सीट संख्या थप्न माग गरेपछि आयोगलाई ती सीट कहाँबाट घटाएर दिने भन्ने समस्या परेको छ ।'[23] तराई केन्द्रीत दलहरुले जनसंख्या वृद्धि भएको भन्दै कम्तिमा २५ सीट बढाउनुपर्ने माग गरे । त्यसपछि आयोगका पदाधिकारीले उच्चस्तरीय राजनीतिक संयन्त्रका नेताहरुलाई 'संवैधानिक कठिनाईबारे'[24] जानकारी गराए ।

राजनीतिक दलहरुको फरक फरक धारणाले आयोग अन्योलमा परेपछि यसबारे समाधानको उपाय खोज्न भन्दै उच्चस्तरीय राजनीतिक संयन्त्रले माओवादीका कृष्णबहादुर महरा र खिमलाल देवकोटा, काँग्रेसका रामशरण महत र मिनेन्द्र रिजाल, एमालेका सुरेन्द्र पाण्डे र अग्नी खरेल र मोर्चाका तर्फबाट हृदयेश त्रिपाठी र जितेन्द्र देव रहेको कार्यदल गठन गर्‍यो । दलहरुले पनि प्रष्ट पार्न नसकिरहेका बेला आयोगका सदस्य मधुनिधि तिवारीले राजीनामा दिए भने उनको सट्टामा सरकारले चुडाराज उप्रेतीलाई नियुक्त गर्‍यो ।

## राजनीतिक र निर्वाचन सम्बन्धी महत्वपूर्ण निर्णय

[23] फुयाल, राजेन्द्र । मापदण्ड नबनाइ षेत्र निर्धारण आयोगको कार्यकाल आधा सकियो । कान्तिपुर, पृष्ठ २ । असार २६, २०७० ।

[24] क्षेत्र निर्धारणमा संवैधानिक अड्चन (३१ असार २०७०) नागरिक

| मिति | कसले निर्णय गरेको ? | के निर्णय ? |
|---|---|---|
| असार १८ | नेकपा माओवादी | केन्द्रीय कमिटी बैठकद्वारा चुनाव भाड्ने रणनीति पारित |
| असार २२ | उच्चस्तरीय राजनीतिक समिति | नेकपा माओवादी चुनावमा आए गोलमेच सम्मेलनका लागि समेत तयार |
| असार २३ | नेकपा माओवादी | पोलिटब्यूरो बैठकद्वारा राज्यका बैधानिक निकायसँग वार्ता गर्ने निर्णय । |
| असार २४ | नेकपा माओवादी | अध्यक्ष मोहन बैद्यको नेतृत्वमा वार्ता समिति गठन |
| असार ३१ | उच्चस्तरीय राजनीतिक समिति | दीर्घकालिन महत्वका निर्णय नगर्न मन्त्रिपरिषद् अध्यक्षलाई आग्रह । |
| साउन २ | उच्चस्तरीय राजनीतिक समिति | वार्तामा आउन आह्वान गर्दै नेकपा माओवादीलाई पत्र |
| साउन ३ | उच्चस्तरीय राजनीतिक समिति | क्षेत्र निर्धारण समस्या हल गर्न आठ सदस्यीय कार्यदल गठन |
| साउन ४ | सरकार<br>सरकार<br>नेपाली काँग्रेस | निर्वाचन सुरक्षा निर्देशिका जारी<br>वार्तामा आउन आह्वान गर्दै नेकपा माओवादीलाई पत्र<br>निर्वाचनलाई लक्षित गरी प्रशिक्षण शुरु |
| साउन ६ | नेकपा एमाले | एक महिने चुनावी अभियान चलाउने निर्णय |
| साउन ७ | निर्वाचन आयोग | आचारसंहिता लागू |
| साउन १० | गृहमन्त्रालय | आम जनताको जीउधन रक्षाका लागि सुरक्षा निकाय सक्रिय |
| साउन १३ | उद्योग बाणिज्य महासंघ सहित ३५ संस्था | निर्वाचनमा कुनै पनि राजनीतिक दललाई चन्दा नदिने घोषणा । |
| साउन १६ | संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा<br>सरकार | संविधानस निर्वाचनमा ४२ प्रतिशत र समानुपातिकमा ५८ प्रतिशत हुनुपर्ने माग<br>वार्तामा आउन आग्रह गर्दै नेकपा माओवादीलाई पत्र |

## हिंसाको घटना

निर्वाचनको मिति नजिक हुँदै गर्दा सरकारले सुरक्षा व्यवस्थालाई कडा पार्न थाल्यो । त्यसछि चुनावी निर्देशिका जारी गर्‍यो । निर्देशिकामा '५० हजार भन्दा बढी प्रहरी खटाइने, २५ वरिष्ठ अधिकृत संलग्न रिजर्भ फोर्स, ७५ जिल्लामै सशस्त्रको निर्वाचन सेल'[25] लगायत उल्लेख थियो । सरकार तथा प्रमुख दलहरुसँग वार्ता भइ सहमति हुन नसकेपछि नेकपा माओवादीले साउन १० गते सांकेतिक रुपमा मतदान पेटिका फुटाएर देशभर निर्वाचन बहिस्कार अभियान शुरु गर्‍यो । पार्टी महासचिव रामबहादुर थापाको अगुवाइमा भएको मतपेटिका फुटाउ अभियानले दलहरुबीच सहमति हुन नसके आगामी निर्वाचन हिंसा मुक्त हुनेमा प्रश्न उठायो । उच्चस्तरीय राजनीतिक समितिले यसबारे दुःख व्यक्त गर्‍यो ।

| मिति | घटना | कसले ? |
|---|---|---|
| साउन १६ | चितवन बन्द | वाइसीएल |
| साउन १० | नक्कली मत पेटिका फुटाएर विरोध शुरु | बैद्य माओवादी |
| साउन १३ | धादिङ बन्द | एमाले धादिङ |

अपराधिक गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ परेका एमालेका जिल्ला नेता दिनेश अधिकारी (चरी)लाई पक्राउ गरेको विरोधमा एमाले धादिङले जिल्ला बन्द गर्‍यो । 'बन्दको चौतर्फी विरोध भएपछि एमालेले पछि फिर्ता लिएको हो ।'[26]

साउन १४ गते गृहमन्त्री माधवप्रसाद घिमिरेले तीन वटै सुरक्षा निकायका प्रमुखहरुसँग छलफल गरी 'चुनाव बिथोल्नेलाई कडा कारवाही गर्न निर्देशन दिए ।'[27] मन्त्रिपिरषद् अध्यक्ष खिलराज रेग्मीले पनि निर्वाचनका गतिविधि अवरोध गर्नेलाई कारवाही गर्ने चेतावनी दिए । 'शान्ति सुरक्षा र अमन चयन गर्ने सन्दर्भमा कुनै अवरोध वा बाधा सिर्जना भए सरकारले त्यसलाई हटाउन सशक्त रुपमा उपयुक्त प्रबन्ध गर्छ ।'[28] माओवादीले चुनाव बिथोल्न अभियान थाल्ने र सरकारले उनीहरुलाई चूनौती दिनाले हिंसात्मक गतिविधि बढ्ने स्थिति सिर्जना भयो । त्यस अतिरिक्त राजनीतिक दलहरुबीच पनि विवादका

---

[25] भट्टराई, चुडामणि। । २०७०, साउन ५ । निर्वाचन सुरक्षा निर्देशिका जारी । अन्नपूर्ण पोष्ट, पष्ठ १ ।

[26] चरी पक्राउको विरोधमा एमालेको धादिङ बन्द फिर्ता । Retrieved September 6, 2013, from http://setopati.com/raajneeti/2777/

[27] अधिकारी, सरोजराज र बाँस्कोटा, प्रतिभा । २०७०, साउन १५ । चुनाव बिथोल्न खोजे कडा कारवाही । कान्तिपुर, पृष्ठ १ ।

[28] अवरोध गरे कारवाही : रेग्मी । Retrieved September 6, 2013, from http://www.nagariknews.com/politics/party-politics/story/4979/4979

घटना देखिन थाले । वाइसियलले 'चन्दा असुली गर्दै गर्दा पक्राउ परेका आफ्ना ६ जना कार्यकतामाथि लगाइएको मुद्दा फिर्ता गरी तत्काल रिहाइको माग गर्दै'[29] चितवन बन्द गरेको थियो ।

## निष्कर्ष

मुख्य राजनीतिक दल र सरकार नेकपा माओवादी र उसले नेतृत्व गरेको मोर्चासँग वार्ताका लागि अनुकुल वातावरण प्रयासरत रहे । तर, आफ्नो अनुकुल व्याख्या गर्ने र एकले अर्कोलाई झुकाउने नियत रहेकाले वार्ता हुन सकेन । माओवादीले वार्तालाई मुख्य दलहरुलाई भुलाउने रणनीतिका रुपमा लियो । मूलत माओवादी चुनावको पक्षमा थिएन । मुख्य दलहरुले गोलमेल सम्मेलन भन्ने तर त्यसमा धेरै पक्षलाई सहभागी गराउने भन्दा पनि केही अरु केही दललाई पनि राखेर छलफल गर्ने रुपमा लिए । त्यस अतिरिक्त उनीहरुले चुनावका लागि गोलमेच सम्मेलन भने । माओवादीले घोषित निर्वाचनको मितिलाई रोक्न गोलमेच सम्मेलन आयोजना गर्ने कुरा गऱ्यो । जुन कुरा मुख्य राजनीतिक दलहरुसँग बाझियो । यसले माओवादी र राजनीतिक दलहरुको नियतमाथि प्रश्न उठ्यो ।

सत्तामा रहेका र विपक्षीमा रहेका दलहरुले मुद्दाहरुमा फरक फरक अडान सार्दा बनेकै वातावरण पनि बिथोलिने अवस्था सिर्जना गऱ्यो । मुख्य राजनीतिक दलहरुले निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरेपनि त्यो समस्या समाधान गर्न थिएन भन्ने घटनाक्रमले देखायो । निर्वाचन आयोगले निर्वाचनका लागि आफ्नो काम अघि बढायो । तर दलहरुबीच सहमति हुन नसक्दा निर्वाचन हुन्छ नै भन्ने आधार तयार भएन । राजनीति र हिंसासँग जोडिएर निकै कम घटना भए जुन सकारात्मक पक्ष थियो । मुद्दाहरुका आधारमा हेर्दा राजनीतिक दलहरुले मुलुक र जनताप्रति आवश्यकता अनुसार उत्तरदायित्व बोध गरेको पाइएन । मूल्य मान्यता र सही राजनीतिक संस्कारको अभावले राजनीतिक दलहरुमा विश्वास गर्ने वातावरण भने तयार भएन ।

---

[29] जवजस्ती चन्दा असुल्दै हिड्ने कार्यकर्ता पक्राउको विरोधमा वाइसिएलको चितवन बन्द । Retrieved September 6, 2013, from http://setopati.com/raajneeti/23/